लोकप्रिय समाचार
हुलाक दर्ता नः २६
सि.पा, जिल्ला हुलाक कार्यालय
२०८० फागुन १३ गते अ
2024 February 25 S

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

## चौतारा, सिन्धुपाल्चोक

## कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना !

**सूचना प्रकाशित मितिः २०८०/११/१३**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, सिन्धुपाल्चोकको चालु आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनकालागि कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत "कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०" बमोजिम योग्यता पुगेको इच्छुक कृषि उद्यमि/यूवा/फर्महरूले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र (२०८०/१२/१२ गतेभित्र) चौतारा, सिन्धुपाल्चोक स्थित यस कार्यालय वा गोदामचोक, बनेपा, काभ्रेपलाञ्चोक स्थित सम्पर्क कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि -३ अनुसारको ढाँचामा कार्यक्रम माग गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपशिल :**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० बर्ष उमेर समूहभित्रका कृषक/कृषि उद्यमी | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाभरी | कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०को दफा ६ मा उल्लेख भए बमोजिम (आवश्यकता र संभावनाको आधारमा प्राथमिकीकरण/ घटाउन सकिनेछ) | स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कूल लागतको बढीमा पचास प्रतिशत वा प्रति प्रस्ताव बढीमा चार लाख रूपैया नबढनेगरी र अनुदान सहयोग रकम बढीमा दुई किस्तामा शोधभर्ना गरिने । |

**निबेदन साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि-३ बमोजिमको प्रस्ताव (आवश्यकतानुसार थप गर्न सकिने) ।
२. निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि तथा निवेदकको तिनपुस्ते विवरण खुल्ने कागजातहरू (नागरिकता/आधिकारिक परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि)
३. कार्यक्रम संचालनकालागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा ऐलानी भएमा स्थानिय तहको सिफारिस तथा भाडा/अधिया/भोकबन्दीमा जग्गा भएमा जग्गाधनीसंग कम्तिमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित स्थायी संरचना निर्माणतर्फ कम्तिमा १० वर्षका लागि गरिएको आधिकारीक सम्झौतापत्रको प्रतिलिपि)
४. भ्याट/स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि र उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.ब.को कर चुक्ता विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरू ।
५. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित संस्थाको सिफारिस पत्र ।

अन्य बिस्तृत जानकारी तथा प्रस्तावको नमूना ढाँचा **download** गर्नको लागि परियोजनाको **Website www.pmamp.gov.np** वा **www.piusindhupalchowk.pmamp.gov.np** हेर्नुहुन ।

**कार्यालय सम्पर्क नं.: 011-620125 (सिन्धुपाल्चोक), 011-662449 (काभ्रे)**

## अनुसूचि-२
## (परिच्छेद ३ को दफा ११ संग सम्बन्धित)

### कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रममा सहभागी हुनका लागि आवेदन फाराम (नमूना)

मितिः....................

**श्रीमान् प्रमुख ज्यू**
**परियोजना कार्यान्वयन एकाइ..................।**

**विषयः आवेदन पेश गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि** आवश्यक कागजात सहित म/हामी ................................................................कृषि उद्यमी/युवा/फर्म संचालक ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक
नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

निवेदन साथ संलग्न कागजातहरु

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
२. उद्यमीको व्यक्तिगत विवरण खुल्ने कागजात (नागरिकताको प्रतिलिपि)।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
५. आन्तरिक राजश्व कार्यालयबाट प्राप्त प्यान नं. भएको परिचयपत्रको प्रतिलिपि।
६. सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

## अनुसूची-३
## (परिच्छेद ३ को दफा ११ संग सम्बन्धित)
## लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१. प्रस्तावकको नाम :

२. कार्यक्रम संचालन गर्ने ठेगाना : ............जिल्ला : ......... न.पा./गा.पा........वडा नं............टोल

३. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी विवरण (बाली/वस्तु/मूल्य श्रृंखलाको क्षेत्र):

४. प्रस्तावित कार्यक्रम संचालनको मुख्य उद्धेश्य :

५. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी अनुभव :....... वर्ष

६. प्रस्तावित कार्यक्रम संचालन हुने क्षेत्रफल/संख्या :

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसंग उपलब्ध श्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा

हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या:

वार्षिक उत्पादन परिमाण: ........... वार्षिक आम्दानी :..............

हाल संचालित क्रियाकलापहरुको फोटोहरु:

१०. कार्यक्रम संचालन पश्चातको अनुमानित उत्पादकत्व: ................ वार्षिक आम्दानी :..............

११. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

१२. प्रस्तावकको स्थायी लेखा नं. सम्बन्धी विवरण:

१३.कार्यक्रम संचालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क.सं. | क्रियाकलाप | इकाई | परिणाम | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाई, चौडाई, मोटाई लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरणसमेत राख्नुपर्नेछ। |
| १.१. | | | | | | | |
| १.२ | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नुपर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | मल बीउ, स-साना औजार वा ज्यालाहरु |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| | जम्मा | | | | | | |

१४. कार्यक्रम स्थलमा सिंचाईको व्यवस्था छ/छैन...... छ भने सिंचाईको किसिम.......

१५. कार्यक्रम संचालन हुने स्थल सडकसंग जोडिएको छ/छैन..... छ भने सडकको किसिम.......

१६. कार्यक्रम संचालन स्थलमा विद्युतको व्यवस्था छ/छैन..........

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :.............प्रति वर्ष
- रोजगारी सिर्जना : ............. जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्या : प्रत्यक्ष .... अप्रत्यक्ष........

१९. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्य:

(ख) कार्यक्रम संचालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरण:

(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

**(नोट : आवश्यकतानुसार थप गर्न सकिने )**

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| साक्षी | निवेदक |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| फोन नं.: | फोन नं.: |
| मिति : | मिति : |

छाप :..................